बैठक नं. ७

आ.व. २०८१/०८२

आज मिति २०८१/९/२५ गते नगर कार्यपालिकाको बैठक मध्यविन्दु नगर कार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | शिशिर पौडेल | सचिव | |

अन्य उपस्थितिः

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | |
| २ | सुमनराज रेग्मी | ब. लेखा अधिकृत | [signature] |
| ३ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| ४ | सन्देश लामिछाने | आन्तरिक लेखापरीक्षक | [signature] |
| ५ | माधव प्र. देवकोटा | सिभिल इन्जिनियर | [signature] |
| ६ | किरण राना | अ. ई. | [signature] |
| ७ | कृष्ण प्र. रेग्मी | वि. अ. | [signature] |
| ८ | नरेश [illegible] | सूचना प्रविधि अधिकृत | [signature] |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |

सातौं कार्यपालिका बैठक
आ.व.२०८१/०८२

मितिः२०८१/०९/२५
समयः दिउसो १.०० बजे
स्थानः नगरकार्यपालिकाको कार्यालय
प्रस्तावहरुः

१. समिक्षा सम्बन्धमा।
२. सेवा करार कर्मचारीको म्याद थप सम्बन्धमा।
३. बोलपत्र ठेक्काको म्याद थप सम्बन्धमा।
४. विद्यालय लेखापरिक्षण कार्यविधि, २०७८ को पहिलो संशोधन २०८१ स्वीकृति सम्बन्धमा।
५. ब्याजमा अनुदान कार्यविधि, २०८१ स्वीकृति सम्बन्धमा।
६. जग्गा वर्गिकरण हेरफेर सम्बन्धमा।
७. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा।
८. वडा सरसफाई समिति गठन सम्बन्धमा।
९. LISA को नतिजा अनुमोदन सम्बन्धमा।
१०. आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव नगर सभामा पेश गर्न स्वीकृति दिने सम्बन्धमा।
११. कार्यसम्पादन करार सम्झौता सम्बन्धमा।
१२. विविध
क. प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धमा।
ख. कार्यालय सहायक कर्मचारी व्यवस्थापन CSRC को पारिश्रमिक सम्बन्धमा।
ग. संकलित ढुङ्गाको लिलाम बढाबढ प्रयोजनार्थ सूचना प्रकाशन सम्बन्धमा।
घ. मध्यविन्दु नगरपालिकाको घरगोठ निर्माणको लागि निर्माणमुखी सामग्री (नदीजन्य पदार्थ) उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ स्वीकृति सम्बन्धमा।

निर्णय

१. गत कार्यपालिकाको बैठकको समीक्षा गरियो। उक्त बैठकमा ७ वटा निर्णय भएकोमा सबै कार्यान्वयनको क्रममा रहेको पाइयो।
२. नगरपालिकामा विगत देखि सेवा करारमा कार्यरत सबै कर्मचारीहरुको करार अवधि छ महिना थप गर्ने र म्याद थपका लागि कार्यालय प्रशासनलाई जिम्मेवारी दिने निर्णय गरियो।

३. देहाय बमोजिमका आयोजनाहरुको म्याद थप गर्ने निर्णय गरियो।

क. Construction of 15 Beded Hospital in Madhyabindu Municipality आयोजनाको निर्माण व्यवसायी ह्यावियाट देवचुली जे .भि. बत्तीसपुतली काठमाडौंले दिएको म्याद थप सम्बन्धी निवेदन बमोजिम सार्वजनिक खरिद ऐनको दफा ५६ र सार्वजनिक खरिद नियमावली को नियम १२० बमोजिम २०८२/०७/१६ सम्म म्याद थप गर्ने। उक्त म्याद सम्म ठेक्का सम्झौता बमोजिमको मूल्य समायोजन समेत दिने। साथै उक्त निर्माणाधिन आयोजनाको पूर्वपट्टिको कम्पाउण्ड वाल पुरानै रहेको र उचाई कम भएकोले सो माथि थप गरी निर्माण गर्ने निर्णय गरियो।

ख. Construction of Community assembly Hall at Arunkhola आयोजनाको निर्माण व्यवसायी इसम निर्माण एण्ड सप्लायर्स प्रा. लि. किर्तिपुर काठमाडौंले दिएको म्याद थप सम्बन्धी निवेदन बमोजिम सार्वजनिक खरिद ऐनको दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम सम्झौता रकमको प्रतिदिन ०.००५ प्रतिशत लिक्विडिटी ड्यामेज (LD) लगाई २०८१/११/३० सम्म म्याद थप गर्ने।

४. मध्यविन्दु नगरपालिकाको विद्यालय लेखा परिक्षणलाई थप प्रभावकारी बनाउने उद्देश्यले विद्यालय लेखापरिक्षण कार्यविधि, २०७८ लाई संशोधन गर्न तयार गरिएको संशोधन प्रस्ताव, २०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १ सि.नं.५ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

५. मध्यविन्दु नगरपालिकाका पशुपालक कृषकलाई व्याजमा अनुदान दिन मिल्ने गरी तयार गरिएको ब्याजमा अनुदान कार्यविधि, २०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १ सि.नं. ५ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

६. मध्यविन्दु नगरक्षेत्रको जग्गा बर्गिकरणमा छुट भएका तथा फरक क्षेत्रमा वर्गिकरण भएका जग्गाहरुको मध्यविन्दु नगरपालिकाको स्थानीय भू- उपयोग परिषदको सिफारिस बमोजिमका कित्ताहरु प्रदेश भु-उपयोग परिषदमा पठाउने निर्णय गरियो।

७. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पहिलो किस्ता लगेका लाभग्राहीलाई कार्यप्रगति सहित दोश्रो किस्ता माग गर्नका लागि सात दिनको समय दिई ताकेता गर्ने निर्णय गरियो।

८. मध्यविन्दु नगरपालिका सरसफाई अभियान अन्तर्गत फोहोरमैला व्यवस्थापन ऐन, २०७९ को पहिलो संशोधन, २०८१ बमोजिम ७ दिन भित्र वडा सरसफाई समिति पुनःर्गठन गरी पठाउनका लागि वडा कार्यालयलाई लेखि पठाउने निर्णय गरियो।

९. मध्यविन्दु नगरपालिकाको आ.व. २०८१/०८२ को संस्थागत क्षमता स्वःमूल्याङ्कन गरी जिल्ला समन्वय समितिबाट पृष्ठपोषण भएपछिको अंक ९० लाई अनुमोदन गरी अन्तिम नतिजा नगरपालिकाको वेभसाइटमा सार्वजनिकीकरण गर्ने निर्णय गरियो।

१०. पन्ध्रौं नगरसभावाट पारित बजेट तथा कार्यक्रम कार्यान्वयनमा द्विविधा भएका एवम् दोहोरो परेका आयोजना तथा कार्यक्रमहरु संशोधन एवम् शिर्षकान्तर गर्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस भई आएको सूचि नगरसभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो।

११. मध्यविन्दु नगरपालिका नगरकार्यपालिका प्रमुख समक्ष प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृत समक्ष शाखा प्रमुखले ७ दिनभित्र कार्यसम्पादन करार गर्ने निर्णय गरियो।

१२. तपसिल बमोजिमका विविध प्रस्तावहरु माथि निर्णय गरियो।

क. निजी जग्गा सम्याउन तथा जग्गा सम्याउदा निस्केको माटो बिक्री वितरण गर्नका लागि आर एस सप्लायर्स मध्यविन्दु-९ र तम्सरिया निर्माण सेवा प्रा. लि. मध्यविन्दु-७ को नाममा नारायणी ट्रेनिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैडाकोटले तयार गरेको IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

ख. पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्र (CSRC) तथा हाम्रो खुसी पाठ्यक्रम कार्यान्वयनका गतिविधिहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने कार्यालय सहायक कर्मचारीको रूपमा तम्सरिया सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता श्री माया पाठक ढकालले आफ्नो तोकिएको कामका अलावा थप जिम्मेवारीको रूपमा विहान साझ तथा आवश्यकताअनुसारका अन्य समयमा प्रशासनिक कार्य सम्पादन गर्दै आएकाले निजलाई चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट कार्यालय सहायक कर्मचारी व्यवस्थापन CSRC शिर्षकबाट मासिक रू २००० का दरले थप पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

ग. मध्यविन्दु नगरपालिकाको राजश्व परामर्श समितिको सिफारिस अनुसार अरुणखोला क्षेत्रमा वेवारिसे रुपमा रहेका ढुङ्गाहरु संकलन गरी चोरमारामा ढुवानी गर्दा परेको लागत र गण्डकी प्रदेशको आर्थिक ऐन, २०८१ बमोजिम प्रति घनफिट रु २२।६८ (कर बाहेक) कायम गरी लिलाम बढाबढका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

घ. नगर क्षेत्रभित्रका आम नागरिकहरुलाई घरगोठ निर्माणको लागि निर्माणमुखी सामग्री (नदीजन्य पदार्थ) उपलब्ध गराउने उद्देश्यले तयार गरिएको मध्यविन्दु नगरपालिकाको घरगोठ निर्माणको लागि निर्माणमुखी सामग्री (नदीजन्य पदार्थ) उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १ सि.नं. ५ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।